आज मिति २०८२।०४।२५ गते आइतबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को पहिलो बैठकमा निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रबक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

Scanned with CamScanner

**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८२।८३ को पहिलो कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८२।०४।२५ गते)*

१. जिल्ला दररेट निर्धारण समिति, म्याग्दीले आर्थिक वर्ष २०८२।८३ का लागि दररेट निर्धारण एवम् स्वीकृत गरेको म्याग्दी जिल्लाको दररेट बमोजिम बेनी नगरपालिकाको चालु आ.व. को योजना तथा कार्यक्रमहरु गर्ने गरी सोही दररेटलाई नगरपालिकाको दररेट कायम गर्ने ।

२. नेपाल सरकारको एक वडा एक स्वास्थ्य चौकीको अवधारणा बमोजिम बेनी नगरपालिका, वडा नं. ७ मा स्वास्थ्य संस्था व्यवस्थापन नभएको हुँदा आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य सम्बन्धी रिपोर्टिङ लगायतका कार्यमा समस्या सिर्जना भएकोले बेनी नगरपालिका, वडा नं. ७ स्थित मंगलाघाटमा सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनको लागि आवश्यक कार्य प्रारम्भ गर्ने । साथै यस नगरपालिका अन्तरगत विभिन्न वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई, गाउँघर क्लिनिक, शहरी स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य क्लिनिक लगायतका नामबाट सञ्चालनमा रही उस्तै प्रकृतिको सेवा प्रवाह गर्दै आएका त्यस्ता स्वास्थ्य संस्थाहरुको नाममा एकरुपता कायम गर्ने प्रयोजनका लागि ती संस्थाहरुको नाम परिवर्तन गरी सामुदायिक स्वास्थ्य केन्द्र कायम गर्ने ।

३. बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ मा सम्झौता भई सडक बोर्डसँगको साझेदारीमा सञ्चालनमा रहेको बेनी – पुलाचौर सडक मर्मत योजनामा प्रतिबद्धता बमोजिम सडक बोर्डबाट निकासा प्राप्त हुन नसकेको र सो ठेक्काको म्याद समाप्त भइ सेकेकोले म्याद समाप्त भएको मिति देखि लागू हुने गरी उक्त योजनाको म्याद २०८२ असोज मसान्त सम्म थप गरी निर्माण कार्य सुचारू गर्ने गराउने ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँले चालु आर्थिक वर्ष देखि स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) कार्यान्वयन हुने गरी परिपत्र गरेकोले यसमा भएका व्यवस्थाका सम्बन्धमा छलफल हुनुका साथै बेनी नगरपालिकामा यसको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा बेनी नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

५. यस वर्षमा मनसुनजन्य विपदबाट बेनी नगर क्षेत्रमा सडक क्षति भई सवारी आवतजावत अवरुद्ध हुने सम्भावनालाई मध्यनजर गरी विगतका वर्षहरुमा जस्तै वर्षे सडक मर्मतका लागि दररेट माग गरी निर्माण व्यवसाय छनौट गरिएकोमा देहायका शर्तहरु समावेश गरी उक्त निर्माण व्यवसायसँग सम्झौताको प्रक्रिया अगाडि बढाउने ।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

**शर्तहरु:**

- सम्झौता भएको मिति देखि मिति २०८२ कार्तिक २५ गते सम्म सम्झौता म्याद रहने ।
- निर्माण व्यवसायीले सडक मर्मत कार्यका लागि कम्तिमा ३ (तीन) वटा एक्साभेटर (Backhoe Excavator wheeled) तथा कम्तिमा ३ (तीन) वटा ट्रयाक्टर जुनसुकै बेला उपलब्ध गराउनु पर्ने ।
- वडा प्राविधिकहरुको प्रत्यक्ष निगरानी तथा निर्देशनमा सडक मर्मत कार्य गर्ने ।
- नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको आदेशमा मात्र निर्माण व्यवसायीले उपकरण परिचालन गर्नुपर्ने ।
- उपकरण सञ्चालन गर्नु पूर्वको र मर्मत पश्चातको उपकरणको मिटर रिडिङको अभिलेख अनिवार्य रुपमा राख्नु पर्ने ।

६. बेनी नगर कार्यपालिकाको कार्यालयबाट आवश्यक छलफल एवम् अध्ययन पश्चात् तयार गरी स्वीकृतीका लागि पेस हुन आएका तपसिलका कार्यविधिहरु संशोधन सहित स्वीकृत गर्ने ।

**तपसिल:**

क) बसपार्क व्यवस्थापन कार्यविधि, २०८२

ख) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८२

७. बेनी नगरपालिका, वडा नं. ७ स्थित मंगलघाट बजारमा रहेको मंगलघाट प्रहरी बिट रहेको घर भाडाको सम्झौता २०८२ असार मसान्त पश्चात् समाप्त भएको तथा हाल सम्म पनि उक्त प्रहरी बिट रहने गरी निर्माण गर्न लागिएको भौतिक संरचना (भवन) सम्पन्न भई नसकेकोले २०८२ पौष मसान्त सम्मका लागि घर भाडा सम्झौताको म्याद थप गर्ने ।

८. बेनी नगरपालिकाको चालु आर्थिक वर्षका योजनाहरु कार्यान्वयन गर्दा कार्यपालिकाले अन्यथा निर्णय गरेमा बाहेक रु १० लाख भन्दा माथि बजेट विनियोजन भएका योजनाहरु ठेक्का व्यवस्थापन (E-bidding) को माध्यमबाट कार्यान्वयन गर्ने गरी वार्षिक खरिद योजना तयार गर्ने ।

९. यस नगरपालिका अन्तरगत वडा नं. ६ को कार्यालय भवनमा पुर्वाधार संरचनाहरु थप गर्नुपर्ने देखिएकोले सो कार्यको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेट न्यून भएकोले जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीसँगको साझेदारीमा थप स्रोत व्यवस्थापन गरी सो कार्य अगाडी ब्रढाउन जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीलाई अनुरोध गर्ने ।

१०. यस नगरपालिका अन्तरगत वडा नं. ९ र १० का विभिन्न क्षेत्रहरुमा शान्ति सुरक्षा कायम गर्नको लागि वडा नं. १० को वख्लेमा अस्थायी प्रहरी चौकी स्थापना गर्नुपर्ने आवश्यकता बोध भएकोले सो व्यवस्थाका लागि जिल्ला सुरक्षा समिति, म्याग्दीलाई अनुरोध गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

११.बेनी नगरपालिकाको नगर शिक्षा समितिको रिक्त सदस्य पदमा बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ बमोजिम नगरकार्यपालिका सदस्य द्वय श्री चक्र बहादुर के.सी. र मिना कार्कीलाई तोकी पठाउने।

१२.जिल्ला प्रशासन कार्यालय, म्याग्दीको च.नं. ७२४ मिति २०८०।०६।१५ एवं च.नं. १७३५ मिति २०८०।१०।१७ को पत्रबाट बचतकर्ताको बचत फिर्ताको सुनिश्चितताको लागि सहजीकरण गर्ने शर्तमा कस्तुरी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष श्री राजेश शाक्य र निजको परिवारको नाउँमा मालपोत कार्यालय म्याग्दीमा रोक्का राखेको जग्गा फुकुवा गर्न सक्ने विषय उल्लेख भएकोमा सहकारी संस्थाले नगरपालिकाबाट किस्ता किस्तामा जग्गा फुकुवाको सिफारिस गर्दा बचतफिर्तामा प्रक्रियागत ढिलाई भएकोले सोको लागि सहजीकरण गरिदिन भनी अनुरोध गरेको, आ.व. ०८०।०८१ को म.ले.प प्रतिवेदनमा कस्तुरी बहुउद्देश्यीय सहकारी संस्थाको अवस्थालाई गम्भीरतापूर्वक लिई सुधारका लागि सुझाव दिएको तथा सहकारी विभागको च.नं. १४९१ मिति २०८२।०३।१९ को आवश्यक कारबाही गर्ने सम्बन्धी पत्र समेतका बारेमा आजको बैठकमा छलफल गरियो। सो सम्बन्धमा विचार गर्दा सहकारी संस्थाले बचतकर्ताको बचत फिर्ताका सम्बन्धमा नगरपालिकाले पटक पटक दिएको निर्देशन बमोजिम काम गरी आ.व. ०७९/०८० मा रु. ४८९१७६९२६।०० बराबरको बचत फिर्ता गर्नु पर्नेमा सो रकम घटाई रु. ३७४८६४८८२।९२ मा ल्याएको तथा आगामी दिनमा थप सुधार हुने आधार समेत पेश गरेको देखिएकोले बेनी नगरपालिकाको सहकारी ऐन तथा प्रचलित कानूनी व्यवस्था र यस नगरपालिकाको संस्थागत क्षमता समेत विचार गर्दा तत्काललाई तपसिल बमोजिम हुने गरी बचत फिर्ताको लागि सहजीकरण गर्ने र सो पालना हुने नदेखिएमा थप कारबाही अगाडी बढाउने।

**तपसिल:**

क) सम्पूर्ण बचतकर्ताहरुसँग छलफल र सहमति कायम गरी संस्थाका बचतकर्ताहरुको बचत रकम फिर्ता हुने सुनिश्चितता गरी बचतकर्ताको बचत फिर्ता गर्ने प्रयोजनका लागि मात्र जग्गा बिक्रि गर्न जग्गा फुकुवा गर्न सकिने र सो सम्बन्धी निर्णय सहकारी संस्थाको ऋण उपसमितिका सम्पूर्ण पदाधिकारी, लेखा समितिका पदाधिकारी र सम्भव भए सम्म सत प्रतिशत यदि सम्भव नभएको अवस्थामा कम्तिमा ७५ प्रतिशत (हालको अवस्थामा कम्तिमा ७ जना सञ्चालक समिति सदस्य) सञ्चालक समितिका पदाधिकारीको उपस्थितिमा संचालक समितिको बैठकले गर्ने शर्तमा संस्था आफैले रोक्का र फुकुवा गर्ने व्यवस्थाका गर्न सहकारी संस्थालाई अनुमति दिनुका साथै सोही बमोजिम मात्र गर्नका लागि मालपोत कार्यालयमा म्याग्दीमा लेखी पठाउने।

ख) सहकारी संस्थालाई देहाय बमोजिम बचत फिर्ताको प्रगती हासिल गर्न निर्देशन दिने।

अ) मिति २०८२ मंसिर मसान्त सम्ममा एक लाख भन्दा कम रकम भएका ३०८ जना बचतकर्ताहरुको जम्मा रु. ४०,५०,५३१।७६ बराबरको बचत रकम फिर्ता गरी सक्नु पर्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

आ) २०८२ फाल्गुण मसान्त सम्ममा एक लाख देखि माथि पाच लाख भन्दा कम भएका १६७ जना बचतकर्ताको बचत रकम रु.४,११,९३,९७०।४२ फिर्ता गरी सक्नु पर्ने ।

इ) २०८२ मंसिर मसान्त सम्ममा हाल बाँकी रहेको बचत रकम रु.३७,४८,६४,८८२।९० लाई पच्चीस करोड सम्ममा घटाउने ।

ई) २०८२ फाल्गुण मसान्त सम्ममा बचत फिर्ता गर्नु पर्ने रकमलाई बीस करोड सम्म घटाउने ।

उ) उल्लेख भएबमोजिम प्रगति हासिल भए नभएको सम्बन्धमा सहकारी संस्थाका संचालक समितिका पदाधिकारी, ऋण उपसमिति तथा लेखा समिति सदस्यले संयुक्त रुपमा प्रत्येक महिनाको पहिलो हप्ताभित्र बेनी नगरपालिकालाई लिखित र भौतिक रुपमा जानकारी दिने ।

१३. बेनी नगरपालिका मातहतको ज्यामरुककोट स्वास्थ्य चौकी, ज्यामरुककोटमा सि.अ.न.मी. पद (अधिकृतस्तर छैठौं तह) मा कार्यरत करुणा थापा मगरले Bachelor of Nursing Science (BNS) कार्यक्रममा सहभागी हुनका लागि अध्ययन पूर्वस्वीकृतीका लागि निवेदन पेस गर्नु भएको तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ८० बमोजिम निज अध्ययन विदामा जानका लागि आवश्यक योग्यता पुरा भएको देखिन आएकोले निज करुणा थापा मगरलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ९५ बमोजिम अध्ययनको पूर्वस्वीकृति दिने ।

१४. बेनी नगरपालिका, वडा नं. ७ र ८ मा स्थित सार्वजनिक जग्गा तथा बेनी नगरपालिकाको स्वामित्वमा रहेको संरचना अनुसूची (१) मा उल्लिखित व्यक्ति/संस्थाहरुले भाडा सम्झौता गरी प्रयोग गर्दै आएकोमा २०८२ असार मसान्त पश्चात् सम्झौता म्याद सकिएको तथा बेनी नगरपालिकाको भाडा दर निर्धारण सम्झौता असुली उपसमितिको मिति २०८२।०४।२३ गतेको निर्णय बमोजिम सम्झौताको म्याद थपका लागि सिफारिस समेत भएकोले २०८३ असार मसान्त सम्मका लागि म्याद थप गर्ने गरी सम्झौताको प्रक्रिया अगाडि बढाउने ।

**समाप्त**

सुरेत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# अनुसूची (१)

**बेनी नगरपालिका क्षेत्रको सार्वजनिक जग्गा तथा बेनी नगरपालिकाको स्वामित्व भएको संरचनामा भाडामा रहने व्यक्ति/संस्थाहरुको विवरण**

| क्र.सं. | नामथर | जग्गा वा संरचना रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | म्याग्दी कोरोला यातायात प्रा.ली. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १२००० |
| २ | धौलागिरी गण्डकी यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १५००० |
| ३ | मंगलाकाली यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १५००० |
| ४ | बाग्लुङ भगवती यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १०००० |
| ५ | बेनी यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १०००० |
| ६ | धौलागिरी गण्डकी यातायात प्रा.लि. | बेनी न.पा. – ७, बहुउद्देश्यीय खेल मैदान | ५००० |
| ७ | म्याग्दी यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १५००० |
| ८ | जयमातादि यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १२००० |
| ९ | निलगिरि यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १२००० |
| १० | म्याग्दी यातायात प्रा.लि. | बेनी न.पा. – ७, बहुउद्देश्यीय खेल मैदान | ५००० |
| ११ | बेनी यातायात प्रा.लि. | बेनी न.पा. – ७, बहुउद्देश्यीय खेल मैदान | ५००० |
| १२ | ईन्द्रदेवी घर्ती मगर | बेनी न.पा. – ७, बहुउद्देश्यीय खेल मैदान | ५००० |
| १३ | सन्तोष प्रसाद शाह | बेनी न.पा. – ७, बहुउद्देश्यीय खेल मैदान (खाली जग्गा) | ५४०० |
| १४ | सन्तोष प्रसाद शाह | बेनी न.पा.–७, बहुउद्देश्यीय खेल मैदान (सटर) | ७७०० |
| १५ | गणेश शर्मा | बेनी न.पा. – ७, सामुदायिक चोक | ११००० |
| १६ | पार्वती बानिया | बेनी न.पा. – ७, मालपोत कार्यालय अगाडि | ९००० |
| १७ | गणेश बानिया | बेनी न.पा. – ७, मालपोत कार्यालय अगाडि | ९७४२ |
| १८ | रक्षा पौडेल | बेनी न.पा. – ७, मालपोत कार्यालय अगाडि | ८८०० |
| १९ | मानकाजी घिमिरे | बेनी न.पा. – २, लम्लिहिल | ३५०० |
| २० | मन कुमारी सुनार | बेनी न.पा. – ८, कालिपुल (सटर) | १०००० |
| २१ | हरियाली ग्रुप | बेनी न.पा. – ४, सिंगा | १२००० |
| २२ | टुक बहादुर लोहार | बेनी न.पा. – ८ (डम्पिङ साइट नजिक) | २५०० |
| २३ | सरस्वती पौडेल | बेनी न.पा. – ८, क्याम्पस चोक (८ नं. वडा कार्यालय) | ३६५०० |
| २४ | सुरेश दर्जी पशुवधशाला | बेनी न.पा. – २ | १०००० |
| २५ | लाला मोहम्नद पशुवधशाला | बेनी न.पा. – २ | १०००० |
| २६ | निलगिरि यातायात प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (सटर नं. ३) | १२००० |

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| २७ | झ बहादुर कामी | बेनी न.पा. – ८, डल्लेपिपल | २४०० |
| २८ | सम्मर ब थापा | बेनी न.पा. – ८, कालिपुल (सटर नं. ६) | ११५०० |
| २९ | सम्मर ब थापा | बेनी न.पा. – ८, कालिपुल (सटर नं. ७) | ११५०० |
| ३० | पत्रकार महासंघ | बेनी न.पा. – ७, विरेन्द्र चोक (आवारोड) | २००० |
| ३१ | मुस्ताङ मुक्तिनाथ याताया प्रा ली | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन) | १२००० |
| ३२ | बि ई भी ट्रेडिङ प्रा.लि. | बेनी न.पा. – ८, कालिपुल (टर्मिनल भवन नजिक) | ५००० |
| ३३ | जिल्ला आर्चरी संघ, म्याग्दी | बेनी न.पा. – ८, कालिपुल (पुरानो पुल नजिक) | ६००० |
| ३४ | म्याग्दी कोरोला कार्यालय | बेनी न.पा. – ८ | १०००० |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३